नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
( प्रशासन शाखा )

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४५१४३९१

पो.ब.नं. ४०७
लाजिम्पाट, काठमाडौं
मिति २०८१/०५/२८ गते।
ने.सं. ११४४ ञलाथ्व, १० शुक्रबार।

## प्रेस विज्ञप्ती-११

### "Crypto कारोबारमा संलग्न प्रतिवादीहरु पक्राउ"

क्रिप्टो कारोवार सम्बन्धी विभिन्न माध्यम द्धारा प्राप्त सूचना माथीको प्रारम्भीक तथा प्राविधिक विश्लेषणको आधारमा अभौतिक मुद्दा (क्रिप्टो) को कारोवार गर्ने starboy.solutions का संचालकहरुलाई मिति २०८१।०५।२६ गते यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिगएका प्रहरी टोलीले जिल्ला पूर्वी नवलपरासी गैडाकोट न.पा. ४ बस्ने वर्ष २२ को प्रज्ञान रिमाललाई का.जि.का.म.न.पा. २६ ठमेलबाट र जिल्ला बाग्लुङ न.पा.४ वतन भई का.जि तार्केश्वर वडा नं. १० मनमैजु बस्ने वर्ष २० को आयुष शर्मालाई मनमैजुबाट पक्राउ गरी निजहरु उपर अभौतिक मुद्दाको प्रयोग गर्न नहुने कसूर अन्तर्गतको मुद्दामा मिति २०८१।०५।२७ गते सम्मानित काठमाण्डौं जिल्ला अदालत काठमाण्डौबाट दिन सात ( ७ ) को म्याद थप भई आवश्यक अनुसन्धान भईरहेको।

**पक्राउ भएका प्रतिवादीहरुको विवरण :**

१) **नाम थर:- प्रज्ञान रिमाल**
**वतन :-** पुर्व नवलपरासी, जिल्ला गैडाकोट, न.पा. वडा नं. ४
**वर्ष:-** २२
**पक्राउ मिति :-** २०८१/०५/२६ गते।
**बरामद सामाग्री :** मोबाईल थान-१।

२) **नाम थर:- आयुष शर्मा**
**वतन :-** बागलुङ जिल्ला, बागलुङ, न.पा. वडा नं. ४
**वर्ष:-** २०
**पक्राउ मिति :-** २०८१/०५/२६ गते।
**बरामद सामाग्री :** मोबाईल थान-२, laptop थान-२।

प्रहरी उपरीक्षक
(होबिन्द्र बोगटी)
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नम्बर: ९८५१२९१३११